जिल्ला प्रशासन कार्यालय, काठमाडौं
मिति २०६६/१०/०५ को निर्णयानुसार
प्रमाणित विधान

"सरकारी सेवामा आवद्ध नर्सहरुको संघ, नेपाल"

# विधान,

# २०७७

**प्रस्तावना**

सरकारी सेवामा आवद्ध नर्सहरुको सामूहिक प्रयास मार्फत् देशको स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी एवं समय सापेक्ष परिष्कृत गरी जनसेवी वनाउन सवै सरकारी नर्सिङ्ग कर्मचारीहरुमा नैतिकता, दक्षता, निष्पक्षता, लगनशीलता, इमान्दारिता र देशभक्तिको भावना जगाएर यस सेवालाई सम्मानित तथा थप कार्यमूलक बनाउने पवित्र उदेश्य सहित "सरकारी सेवाआमा आवद्द नर्स हरुको सङ्घ, नेपाल" नामक संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान संस्था दर्ता ऐन, २०३४ को अधीनमा रही तर्जुमा गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संस्थाको नाम:**

यस संस्थाको नाम नेपालीमा "सरकारी सेवामा आवद्द नर्सहरुको सङ्घ, नेपाल" हुनेछ र अंग्रेजीमा "Government Nurses' Association of Nepal" हुनेछ । छोटकरीमा यस संस्थालाई " GoNAN ( गोनान )" भनिनेछ ।

क. संस्थाको कार्यालय रहने ठेगाना:

यस संस्थाको कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका/नगरपालिका, वडा नं .२८, बागबजारमा रहनेछ । आवश्यकर्तानुसार सम्वन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृति लिएर कार्यालय सार्न सकिनेछ ।

ख. संस्थाको कार्यक्षेत्र:

यस संस्थाको कार्यक्षेत्र काठमाडौं जिल्लाभर रहनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिएर नेपाल राज्यभित्र कार्य क्षेत्र विस्तार गरिने छ ।

ग. प्रारम्भ:

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ. संस्थाको अस्तित्व:

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला संगठित, स्वशासित, गैर नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

**२. परिभाषा**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा,

क. "विधान" भन्नाले "स्थापित सरकारी सेवामा आवद्द नर्सहरुको सङ्घ, नेपाल" को विधानलाई सम्झनु पर्दछ ।

ख. "संस्था" भन्नाले " सरकारी सेवामा आवद्द नर्सहरुको सङ्घ, नेपाल " लाई जनाउँदछ ।

Scanned with CamScanner

ग. "समिति" भन्नाले यस बिधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ।

घ. "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ।

ङ. "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ।

च. "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम बिनियमलाई जनाउँछ।

छ. "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।

ज. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

झ. "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउँछ।.

**३. संस्थाको छाप र चिन्ह:**

प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ। तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त परिवर्तन गरिने छ।

## परिच्छेद २

## उद्देश्य

**४. संस्थाको उद्देश्य:**

संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ।

क. यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ।

ख. नर्सिङ सेवाको बिकास तथा सुदृढीकरण गर्ने कार्यमा सहयोग पुर्याउने।

ग. सरकारी सेवामा आबद्ध नर्सहरुको बृत्ति बिकासको लागी मद्दत पुर्याउने।

घ. सरकारी सेवामा आबद्ध नर्सहरुको ज्ञान, सीप र क्षमता अभिबृद्धिको लागी तालिमको आयोजना गर्ने।

ङ. अबकास प्राप्त नर्सहरुको पहिचान गरी स्वास्थ्य सम्बन्धी सामाजिक कार्यमा सहभागिताको लागी उत्प्रेरणा जगाउने कार्य गर्ने।

च. सरकारी अस्पतालमा कार्यरत नर्सहरुलाई अध्ययन कार्यमा संलग्न हुन उत्प्रेरणा प्रदान गर्ने कार्यक्रमहरु आयोजना गर्ने।

छ. सरकारी सेवामा आबद्ध नर्सिङ सेवामा संलग्न नर्सहरुको नेतृत्व बिकासको लागि आबश्यक कार्यक्रम सन्चालन गर्ने।

ज. सरकारी सेवामा आबद्ध नर्सहरुलाई सूचना प्रबिधी समान्धी ज्ञान साथै दक्षताको लागि तालिमको ब्यबस्था गर्ने।

झ. नर्सिङ्ग सेवा मार्फत् समाजमा पछाडि परेका वर्ग तथा विपन्नहरुको स्वास्थ्य उपचारको लागि सहयोग गर्ने।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**

यस संस्थाका उपरोक्त उद्देश्यहरु प्राप्त गर्न संस्थाले देहायका कार्यहरु गर्नेछ।

क. संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ। कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्नेछ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा शर्तहरु निर्धारण गर्नेछ।

घ. उद्देश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने।

## परिच्छेद ३

## सदस्यता

**६. सदस्यहरुको बर्गिकरण:**

यस संस्थाका सदस्यहरुलाई देहाय बमोजिम ४ प्रकारमा बर्गिकरण गरिएको छ:

क. साधारण सदस्य:

यस बिधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन्।

ख. संस्थापक सदस्यहरु:

यो संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुने छन्। संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

ग. आजीवन सदस्य:

संस्थाको विकासको लागि विशेष सहयोग/योगदान पु-याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ।

घ. मानार्थ सदस्य:

संस्थाले उपयुक्त ठहर गरेका गैर सरकारी नर्स, विशिष्ट समाज सेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गरिने छ, तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:**

यस संस्थाको सदस्यता प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

क. नेपाली नागरिक।

ख. १८ बर्ष उमेर पूरा गरेको।

ग. मानसिक सन्तुलन नगुमाएको।

घ. सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

च . सरकारी सेवामा आबद्द नर्सिङ ब्यबसायमा सम्लग्न, सरकारी सेवाबाट अबकाश प्राप्त नर्सहरु, (अ.न.मि. समेत) ।

**८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:**

देहायको अवस्थामा कुनै पनि व्यक्तिले संस्थाको सदस्यताको पद प्राप्त गर्न सक्ने छैन ।

क. गैर नेपाली नागरिक ।

ख. १८ वर्ष उमेर पुरा नगरेको ।

ग. मानसिक सन्तुलन ठीक नभएको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको ।

च. सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ. साहुको दामासाहीमा परेको ।

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालबाट कसुरदार ठहरी सजाय पाएको एक बर्ष पूरा नभएको ।

**९. सदस्यताको समाप्ति:**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

क. यस बिधानको दफा ८ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने भएमा ।

ख. साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ. संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च. सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ. संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्तिलाई संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद् पेश गर्ने मौका दिइने छ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने बिधि:**

यस विधानको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्ने छन् ।

१. साधारण सदस्य:

क. साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु. १०० /- (एक सय) र बार्षिक शुल्क बापत रु. ५०० /- (पाँच सय) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन गरेमा कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख. त्यस्ता साधारण सदस्यले बार्षिक नबिकरण शुल्क बुझाउनु पर्नेछ ।

Scanned with CamScanner

ग. साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष असार महिनाको रु. ५०० /-( पाँच सय) भित्र सदस्यता नवीकरण गराई सक्नु पर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाइ नवीकरण गर्न सक्ने छ ।

२. संस्थापक सदस्य:

क. यो संस्था दर्ता हुंदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिको शुल्क बुझाई साधारण वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन्।

३. आर्जीवन सदस्य:

संस्थामा एकमुष्ट रु. २५०० /- (पच्चिस सय) बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने नेपाली नागरिकलाई कार्य समितिको निर्णयले आजीवंन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. मानार्थ सदस्य:

साधारण सभाको निर्णयले उपयुक्त ठानेको गैर सरकारी सस्थामा कार्यारत / अबकाश प्राप्त नर्स हरु, समाजसेवी, बिशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहित को जानकारी आवेदकलाई दिईने छ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढांचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारण सभाको गठन:

१. यस संस्थाको विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क. वार्षिक साधारण सभाः वर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ ।

ख. विशेष साधारण सभाः संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको ६ (छ) महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएकोले मितिले २(दुई) महिना भित्र गरिने छ र त्यस पछिका बाँकी साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ (पन्ध्र) दिन अगावै र विशेष साधारण सभा गर्नका लागिss कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

Scanned with CamScanner

५. उपदफा (४) बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगि सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१२. साधारण सभाको काम कर्तव्य र अधिकारः**

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कार्य समितिले पेश गरेका योजना तथा कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख. लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछर्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग. आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेका कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च. कार्य समितिद्धारा पेश भएका विधान संशोधन प्रस्ताव, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. मानार्थ सदस्यता प्रदान गर्ने ।

झ. संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुलाई आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्य समितिको गठन;**

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने १७ (सत्र) सदस्यीय एक कार्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिब | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | १२ |

२. कार्य समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधीका लागि उक्त पदमा कार्य समितिद्वारा मनोनयन गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ । तर, अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधीको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ ।

५. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्य समितिका पदाधिकारीहरुको जम्मा संख्याको ५१ (एकाउन्न) प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थतिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरु छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ, तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्ययबाट हुनेछ ।

१०. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितीका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ।

**१४. कार्य समितिको काम, कर्तव्य र अधिकार:**

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. बिधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कोर्यान्वयन गर्ने, गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अत्युत्तम उपयोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य संम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

८. संस्थाका कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने, गराउने ।

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधीमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका साथै अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरिदिने ।

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने:**

अध्यक्षले उपाध्यक्ष मार्फत् कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् ।

**१६. अन्य समितिहरु:**

१. यस बिधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितीहरु गठन गर्न सक्नेछ, तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुनेछ ।

परिच्छेद ५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकारः

क. समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने।

ख. निर्णायक मत दिने।

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने।

घ. संस्थाको नेतृत्व लिने।

ङ. आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने।

च. अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने।

छ. अभिलेख प्रमाणित गर्ने।

२. उपाध्यक्षको काम, कर्तव्य अधिकारः

क. अध्यक्षलाई सहयोग गर्ने।

ख. अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने।

ग. अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने।

३. महासचिवको काम, कर्तव्य र अधिकार

क. संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने।

ख. अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने।

ग. अभिलेख सुरक्षित राख्ने।

घ. अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने।

४. सचिवको काम, कर्तव्य अधिकारः

क. महासचिवलाई सहयोग गर्ने।

ख. महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने।

ग. महासचिवको अनुपस्थितीमा निजको कार्य गर्ने।

५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

क. संस्थाको कोषको रेखदेख र संचालन गर्ने।

ख. साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेस गर्ने।

ग. लेखा दुरुस्त राख्ने।

घ. नियमित रुपमा बार्षिक लेखा परीक्षण गराउने।

Scanned with CamScanner

६. सदस्यहरुको काम, कर्तव्य र अधिकार:

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने।

ख. संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने।

**१८. गणपूरक संख्या:**

१. कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरुको उपस्थिती नभै साधारण सभाको काम कारबाही हुने छैन।

२. तर बिधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत भएमा सभा गर्न बाधा पर्ने छैन।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष:**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्:

क. सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम।

ख. कसैको स्वेच्छाले दिएको अनुदान, सहायतता वापत प्राप्त रकम।

ग. विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग् वापत प्राप्त रकम।

घ. संघ, प्रदेश वा स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग् वापत प्राप्त रकम।

ङ. संस्था स्थापना गर्दाको बखत परिवारका सदस्यहरुबाट जम्मा गरिएको एकमुष्ट रकम।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग् तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार तथा समाज कल्याण परिषद् बाट पूर्व स्वीकृति लिईने छ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ।

**२०. खाता संचालन:**

संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ। प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ।

**२१. कोषको रकम खर्च गर्ने तरिका:**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिने छ।

क. संस्थाको बार्षिक बजेट, योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन।

ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ।

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

घ. रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

Scanned with CamScanner

२२. संस्थाको लेखा र लेखा परीक्षण:

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु मार्फत् संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ। तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १-१ प्रति स्थानीय अधिकारी, स्थानीय तह र समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव तथा विधान संशोधन सम्बन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था:

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ।

४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः बिघटन हुनेछ।

२४. उमेदवार हुने योग्यता:

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

क. विधानको दफा ६ बमोजिमको सदस्य भएको।

ख. दफा ८ बमोजिम अयोग्य नभएको

ग. तोकिएको समयमा सदस्यता नवीकरण गरेको।

घ. सरकारी सेवामा आबद्द नर्सिङ ब्यबसायमा सम्लग्न, सरकारी सेवाबाट अबकाश प्राप्त नर्सहरु, (अ.न.मि. समेत)।

२५. अविश्वासको प्रस्ताव:

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पु-याई संस्थामा दर्ता गर्नु पर्नेछ।

क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ।

Scanned with CamScanner

ख. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

ग. साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना समेत खुलाई सही भएको हुनु पर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट बिषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत खुलाई दफा ११ बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः

क. साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. उपदफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु बिरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लगि आफ्ना भनाइहरु राख्न अनुमति दिनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णयः

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र बिपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर, वा

ख. साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र बिपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन ।

३. निर्वाचित भएको ६ (छ) महिना नपुगि वा प्रस्ताव विफल भएको ६ (छ) महिना नपुगि त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२६. बिधान संशोधनः**

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजीको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७. नियम बनाउन सक्नेः**

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गरी लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

Scanned with CamScanner

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्ता विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

## २८. कर्मचारीको व्यवस्था:

१. संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा र कर्मचारीको सेवा शर्तहरुको सम्बन्धमा अपनाउनु पर्ने कार्यबिधि तोकिए बमोजिम हुनेछ।

२. संस्थाले विदेशी सहयोग प्राप्त गरी संचालन गर्ने कार्यक्रमको कार्यान्वयनका लागि बिदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधी, पु-याउने सेवा, कामको औचित्य, सुबिधा र योग्यता समेतको विवरण खोली समाज कल्याण परिषद् बाट स्वीकृति लिईने छ र सोको विवरण स्थानीय अधिकारी तथा स्थानीय तहमा समेत अनिवार्य रुपमा उपलव्ध गराईने छ।

## २९. संस्था खारेजी:

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताबको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

४. यसरी कारणवस संस्था बिघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ।

## ३०. व्याख्या:

यो विधान र विधान अन्तर्गत बनेका नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

## ३१. गोप्यता भंग गर्न नहुने:

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन। कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन।

## ३२. ऐन अनुसार हुने:

यस विधानमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ र विधानमा उल्लेख भएका कुराहरु संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वत: निष्कृय हुनेछन्।

Scanned with CamScanner

**३३. निर्देशनको पालनाः**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४. तदर्थ समितिः**

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिने छ ।

३५. हामी " सरकारी सेवामा आबद्द नर्स हरुको सङ्घ, नेपाल " संस्थाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौ ।

| क्र.सं. | संस्थापककको नाम, थर र ठेगाना | साक्षीको नाम, थर, ठेगाना र सहीछाप |
|---|---|---|
| १ | कल्पना श्रेष्ठ<br>पदः अध्यक्ष<br>स्थायी ठेगानाः का.म.न.पा.३१ मिनभवन मार्ग -२१ | स्थायी ठेगानाः पुकार ९ तनहुँ गण्डकी<br>सहीछापः<br>शुक्ला खनाल |
| २ | रमिला चौलागाइ<br>पदः उपाध्यक्ष<br>स्थायी ठेगानाः रौतहट सरत्पुर - ८ अलाबटाकी | स्थायी ठेगाना : गोरखा न.पा. ९<br>लक्ष्मीबजार, गोरखा<br>कल्पना थापा |
| ३ | राजकुमारी ज्ञावाली<br>पदः महासचिब<br>स्थायी ठेगानाः पाल्पा रैना देवी छहत – ३ | शारदा आचार्य<br>वालिङ - ९, स्याङजा |
| ४ | मित्रा देवकोटा<br>पदः सचिब<br>स्थायी ठेगानाः बि.न.पा. - ७ सुर्खेत | रमा घिमिरे<br>काठमाण्डौं, [illegible] -12 |
| ५ | प्रमिला थकाली<br>पदः कोषाध्यक्ष<br>स्थायी ठेगानाः मुस्ताङ जोम्सोङ्ग ५ | बसन्त थापा<br>कोटेश्वर 32 - काठमाडौं |
| ६ | लक्ष्मी के सि<br>पदः सदस्य<br>स्थायी ठेगानाः ल.न.पा. महालक्ष्मी -३ इमाडोल | आकृति श्री दाहाल, बत्तीसपुतली -९, काठमाडौं<br>Akriti |
| ७ | लक्ष्मी मरासिनी<br>पदः सदस्य | Bharati Sharma<br>Kausaltar - 3<br>Bharati |

| | | |
|---|---|---|
| | स्थायी ठेगानाः सु.बि.न.पा. – ४, भक्तपुर | |
| ८ | बेली पौडेल<br>पदः सदस्य<br>स्थायी ठेगानाः मा.न.पा. चितवन | नीलम [illegible]<br>कीर्तिपुर [illegible], ०५ |
| ९ | भिम कुमारी श्रेष्ठ<br>पदः सदस्य<br>स्थायी ठेगानाः ला.पु.म.न.पा. -२८ | हरि प्रसाद कोजु<br>भक्तपुर – |
| १० | मेनुका पोखेल<br>पदः सदस्य<br>स्थायी ठेगानाः च.न.पा. - १४ काठमन्डौ | Janaki Dhami<br>Sukedhara-09 Kathmandu |
| ११ | सरिता कुमारी तिमील्सिना<br>पदः सदस्य<br>स्थायी ठेगानाः बालजु , काठमन्डौ | Shirjana Shrestha<br>का.म.न.पा. - 31 |
| १२ | यसोदा बराल,<br>पदः सदस्य<br>स्थायी ठेगानाः का.म.न.पा. – ७ | अमृता पहाडी, काठमाडौं-5 |
| १३ | कल्पना जोशी<br>पदः सदस्य<br>स्थायी ठेगानाः का.म.न.पा. – १९ | [illegible] श्रेष्ठ<br>का.म.न.पा.-31 |
| १४ | भागवती भण्डारी<br>पदः सदस्य<br>स्थायी ठेगानाः ल.म.न.पा. इमाडोल | Maukeshari Maharjan<br>Old Baneshwor-9 |
| १५ | मिरा निरौला<br>पदः सदस्य<br>स्थायी ठेगानाः का.म.न.पा. –९ | कमला कुमारी पौडेल<br>का.म.न.पा. १५ स्वयम्भु |
| १६ | ~~सुकुन्तला प्रजापति~~ राधा आचार्य<br>पदः सदस्य<br>स्थायी ठेगानाः का.म.न.पा. –१६ | [illegible] श्रेष्ठ<br>का.म.न.पा. १०. |
| १७ | सिता पोखेल<br>पदः सदस्य<br>स्थायी ठेगानाः का. जि. टेकु | रणधीर कुमार यादव<br>का.म.न.पा. - 9 |

Scanned with CamScanner

अनुसूचि- १

संस्थाको छाप र चिन्हको विवरण

GOVERNMENT NURSES' ASSOCIATION OF NEPAL

GoNAN

बागबजार -२०७७

सस्थाको छापमा स्थेटेस्कोपको माथिल्लो गोलो घेरामा “GOVERNMENT NURSES’ASSOCIATION OF NEPAL” उल्लेख बिच भागमा “नर्सको पोशाक लगाएको मानब चित्रको ठीक तल GoNAN ” र तल्लो भागमा बलिरहेको दियोको तल्लो भागमा सस्थाको स्थापना भएको वर्ष "२०७७" र संस्थाको ठेगाना " बागबजार " उल्लेख भएको देहाय अनुसारको हुनेछ ।

Scanned with CamScanner